**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -६**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ०५, मङ्गलवार (पहिलो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **देवेन्द्र दाहाल**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। त्यसपछि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू बस्नुभयो र माननीय **देवेन्द्र दाहाल**ले आफ्ना भनाइ राखु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू पुनः उठ्नु भएपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या २ र ३ का विषयहरूलाई कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "विनियोजन विधेयक, २०७८" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१५ मिनेट**पछि बस्ने गरी दिनको १:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव